




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १९ गते सोमबार ❑ 5 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## नागरिकका प्रश्न र विचारका लागि 'खुलामञ्च' आवश्यक छः सभापति थापा

**रासस**
काठमाडौं, १८ असोज

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिकका प्रश्न, असहमति र विचारका लागि खुलामञ्च आवश्यक रहेको बताउनुभएको छ।

कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन समारोहलाई आज खुलामञ्चमा सम्बोधन गर्दै सभापति थापाले जनताका जिज्ञासा र प्रश्नको छलफलका लागि मुलुकलाई खुलामञ्च आवश्यक रहेको बताउनुभएको हो । "दश वर्षपछि खुलामञ्च खुलेको छ, यो काठमाडौँको एउटा चौर मात्रै होइन, नेपाली राजनीतिक आन्दोलनमा खुलामञ्चले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, यहीँबाट धेरै राजनीतिक दल तथा नेताले आफ्नो राजनीतिक यात्रा अगाडि बढाएका छन्", सभापति थापाले भन्नुभयो।

सभापति थापाले जननायक बिपी कोइराला, गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालालेसमेत यही खुलामञ्चबाट ऐतिहासिक राजनीतिक घटनासम्बन्धी भाषण गरेको स्मरण गर्दै खुलामञ्चले फरक विचार तथा मतभेदलाई एउटै ठाउँमा ल्याएर संवाद गर्ने अवसर दिएको उल्लेख गर्नुभयो। "खुलामञ्चले मतभेदलाई एकैठाउँमा राख्न सहयोग गर्छ", सभापति थापाले भन्नुभयो।

उहाँले फरक मत राख्ने, नेतृत्वलाई प्रश्न गर्ने र आलोचना गर्ने अधिकारलाई पार्टीभित्रै संस्थागत गर्नुपर्ने बताउनुभयो। फरक प्रसङ्गमा सभापति थापाले सत्ता र नेतृत्वमा उही अनुहार दोहोरिरहने प्रवृत्तिले नेपालको राजनीति 'म्युजिकल चियर' जस्तो बनेको बताउनुभयो । उक्त प्रवृत्तिले सबै राजनीतिक दल र नेता एउटै हुन्, सबै खराब छन् भन्ने सन्देश जनतामा गएको तथा त्यसकै परिणाम गत भदौ २३ र २४ गतेको घटना घटेको उहाँको धारणा थियो। सभापति थापाले प्रधानमन्त्री बनेका व्यक्ति फेरि प्रधानमन्त्री बन्न खोज्ने, नेता बनेका व्यक्ति फेरि नेतृत्वमा दोहोरिरहने र मन्त्री बनेका व्यक्ति पनि पटकपटक सत्तामा जाने प्रवृत्तिले जनतामा राजनीतिप्रति वितृष्णा




बढाएको उल्लेख गर्नुभयो।

'विगतका कमजोरीको समीक्षा गर्दै अगाडि बढ्छौँ'

सभापति थापाले विशेष महाधिवेशनपछि कांग्रेस निर्वाचनमा गएको तर परिणाम आफ्नो पक्षमा आउन नसकेको बताउनुभयो । कांग्रेसले यसअघि पनि विभिन्न निर्वाचनमा हार र जीत व्यहोर्दै आएको उल्लेख गर्दै उहाँले अहिले पार्टी नयाँ महाधिवेशनको चरणमा प्रवेश गरेको बताउनुभयो । "विशेष महाधिवेशनपछि चुनावमा गयौँ, तर हाम्रो पक्षमा परिणाम आएन, कांग्रेसले धेरै चुनावमा हार्ने र जित्ने गरेको छ, अब नयाँ महाधिवेशनमा होमिएका छौँ", सभापति थापाले भन्नुभयो । सभापति थापाले १५औँ महाधिवेशनलाई विगतका कमजोरीको समीक्षा गर्दै कांग्रेसलाई नयाँ राजनीतिक यात्रामा अघि बढाउने अवसरका रूपमा लिनुपर्ने बताउनुभयो । जनतामा बढेको राजनीतिक वितृष्णा र दलहरूप्रतिको अविश्वास चिर्न कांग्रेसले आफ्नो नेतृत्व, व्यवहार र राजनीतिक कार्यशैलीमा परिवर्तन गर्नुपर्ने उहाँको भनाइ थियो। सभापति थापाले लोकतन्त्र र जनतालाई प्रत्यक्ष सेवा तथा परिणामसँग जोड्ने पुलको काम कांग्रेसले गर्नुपर्ने बताउनुभयो। मुलुकमा लामो राजनीतिक सङ्घर्ष र परिवर्तन भए पनि रोजगारी सिर्जना, युवा पलायन रोक्ने र जनताको जीवनस्तर सुधार्ने विषयमा अब सबै राजनीतिक दल मिलेर गम्भीर समीक्षा गर्नुपर्ने उहाँको भनाइ थियो। सभापति थापाले मुलुकले लामो समय राजनीतिक सङ्घर्ष र सङ्क्रमण व्यहोरे पनि त्यसको प्रतिफल जनताको दैनिक जीवनमा पर्याप्त रूपमा पुग्न नसकेको उल्लेख गर्दै यसका कारण सबै राजनीतिक दलले मिलेर खोज्नुपर्ने बताउनुभयो । राजनीतिक परिवर्तनसँगै आर्थिक र सामाजिक रूपान्तरणलाई पनि सँगसँगै अघि बढाउनुपर्ने उहाँको भनाइ थियो । "यो विषय हामी सबै मिलेर खोज्नुपर्छ, हामी महाधिवेशनमा यही कुरा 'डेलिभरी' दिनका लागि के गर्ने, कांग्रेस कस्तो बनाउने भनेर मन्थन गर्नेछौँ", सभापति थापाले भन्नुभयो । कांग्रेसले अब लोकतन्त्रको कुरा मात्रै नगरी जनतालाई परिणाम दिने राजनीतिक शक्तिका रूपमा आफूलाई स्थापित गर्नुपर्ने सभापति थापाले बताउनुभयो। लोकतान्त्रिक व्यवस्था र जनताको अपेक्षाबीचको दूरी घटाउने जिम्मेवारी कांग्रेसले लिनुपर्ने उहाँको भनाइ थियो। "डेमोक्रेसी र डेलिभरीको पुलको काम कांग्रेसले गर्छ, पुराना र नयाँ पुस्तालाई जोड्ने काम कांग्रेसले गर्छ, यही सङ्कल्प गर्छौं", सभापति थापाले भन्नुभयो।

'कांग्रेस कमजोर हुँदा लोकतन्त्र र जनताबीचको विश्वासमा असर पर्छ'

सभापति थापाले कांग्रेस कमजोर वा निष्क्रिय हुँदा लोकतान्त्रिक व्यवस्था र जनताबीचको विश्वासमा असर पर्नसक्ने बताउनुभयो। कांग्रेसले आफूलाई जनताको आवश्यकता र अपेक्षासँग जोडेर अघि बढाउनुपर्ने उहाँको भनाइ थियो।

"आजको दिनमा नेपाली कांग्रेस बन्द भयो भने के हुन्छ भन्ने कुरा जनताले सोच्नुपर्ने बनाउने काम गर्नुपर्छ, पुल ढल्यो भने विश्वास ढल्छ, त्यो विश्वासका लागि कांग्रेसले काम गर्नुपर्ने छ", सभापति थापाले भन्नुभयो। कांग्रेसले आफ्नो राजनीतिक सिद्धान्त र मूल्यमा स्पष्ट भएर अघि बढ्नुपर्ने सभापति थापाले बताउनुभयो। तत्कालको राजनीतिक लाभका लागि सिद्धान्तसँग सम्झौता गर्ने प्रवृत्तिबाट पार्टी टाढा रहनुपर्ने उहाँको भनाइ थियो। आर्थिक विकास र रोजगारी सिर्जनाका लागि निजी क्षेत्र तथा उद्योगी व्यवसायीको भूमिकालाई सम्मान गर्नुपर्ने उहाँले बताउनुभयो।

सभापति थापाले निर्वाचन आउने र जाने भए पनि त्यसको महत्वलाई बेवास्ता गर्न नहुने बताउनुभयो । निर्वाचनको परिणाम महत्वपूर्ण भए पनि तत्कालको चुनावी लाभभन्दा दीर्घकालीन रूपमा देश र जनताको हितमा काम गर्ने राजनीतिक संस्कार आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

सभापति थापाले १५औँ महाधिवेशनलाई कांग्रेसको नेतृत्व परिवर्तन गर्ने मात्रै नभई पार्टीको आगामी राजनीतिक दिशा, नीति र जनतालाई परिणाम दिने क्षमताबारे गम्भीर मन्थन गर्ने अवसरका रूपमा अघि बढाउने बताउनुभयो।

उहाँले कांग्रेसका केही साथीहरू पार्टीबाट बाहिरिएको उल्लेख गर्दै उहाँहरुलाई कांग्रेस छाडेको हो कि होइन भन्ने विषयमा पनि अब स्पष्ट उत्तर दिनुपर्ने बताउनुभयो । उहाँले पार्टीभित्र रहेका सबैलाई समेट्ने र बाहिरिएका नेताहरूका सम्बन्धमा पनि स्पष्ट धारणा बनाइने बताउनुभयो । सभापति थापाले बदलिएको कांग्रेसले देश पनि बदल्न सक्छ भन्ने विश्वासका साथ १५औँ महाधिवेशनबाट नयाँ ऊर्जा र सङ्कल्प लिएर बाहिरिनुपर्ने बताउनुभयो । उहाँले देशको पछिल्लो अवस्थालाई हेर्दा उत्सवका रूपमा मात्रै महाधिवेशन गर्न आफूहरूलाई सहज नभएको बताउनुभयो । "रसुवाको भोटेकोशीमा गएको बाढीका कारण हजारौँ नागरिक हामीमाझ हुनुहुन्न । यो महाधिवेशन गर्न मन थिएन । तर संविधान र कानुनको परिधिका कारण गर्न बाध्य भयौँ", सभापति थापाले भन्नुभयो।

## पोखरामा भेडा-च्यांग्रा भित्रिन थाले, यस वर्ष डोल्पादेखि मुस्ताङसम्मका च्यांग्रा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज

नेपालीहरूको महान् पर्व बडादशैं नजिकिएसँगै पोखरामा हिमाली क्षेत्रका भेडा-च्याङ्ग्रा भित्रिन थालेका छन् ।

दशैंको परम्परागत खानाका रूपमा प्रयोग हुँदै आएका भेडा-च्याङ्ग्रा यस वर्ष मुस्ताङसँगै हुम्ला, जुम्ला र डोल्पाबाट समेत पोखराको बजारमा ल्याउन थालिएको हो । पोखरा-२५ हेमजाको सुइखेतदेखि विष्णुपादुका माध्यमिक विद्यालयको खेलमैदान हुँदै याम्दीसम्मको क्षेत्रमा व्यवसायीहरूले भेडा-च्याङ्ग्रा बिक्रीका लागि राख्न थालेका छन्। प्रारम्भिक चरणमा भेडा-च्याङ्ग्राको मूल्य करिब २३ हजारदेखि ४५ हजार रुपैयाँसम्म निर्धारण गरिएको व्यवसायीहरूले बताएका छन् । आकार, तौल र जातअनुसार मूल्य फरक-फरक रहेको छ।

यस वर्ष मुस्ताङका अतिरिक्त डोल्पा, जुम्ला र हुम्लाबाट समेत भेडा-च्याङ्ग्रा पोखरा ल्याइएकाले बजारमा आपूर्ति बढ्ने र उपभोक्ताले केही सहुलियत मूल्यमा खरिद गर्न पाउने अपेक्षा गरिएको छ । जुम्लाका व्यवसायी भीमबहादुर बोहराले डोल्पाबाट करिब तीन साताको यात्रा गरेर भेडा-च्याङ्ग्रा पोखरा ल्याएको बताउनुभयो। बाटोमा विभिन्न स्थानमा पहिरो तथा सडक अवरोधका कारण आवतजावत कठिन भएकाले ढुवानी खर्च बढेको उहाँको भनाइ छ। "दुई वर्षअघि करिब दुई लाख रुपैयाँ नाफा भएको थियो। तर गत वर्ष करिब ६ लाख रुपैयाँ घाटा भयो," बोहराले भन्नुभयो, "यस



वर्ष पनि ठाउँ-ठाउँमा पहिरो गएको र मानिसलाई समेत आवतजावत गर्न कठिन भएकाले लागत बढेको छ।"

मुस्ताङका व्यवसायीहरूले पनि दशैंलाई लक्षित गरी भेडा-च्याङ्ग्रा पोखरा ल्याउने क्रम बढाएका छन्। मुस्ताङको घिलिङबाट एक समूहले मात्रै करिब १४० वटा भेडा-च्याङ्ग्रा पोखरा ल्याएको व्यवसायी सुकबहादुर तामाङले बताउनुभयो । उहाँका अनुसार मुस्ताङमै एउटा भेडा-च्याङ्ग्राको मूल्य ३९ हजारदेखि ४१ हजार रुपैयाँसम्म परेको छ। उहाँको समूहले पोखरामा ल्याएर प्रतिगोटा करिब तीनदेखि चार हजार रुपैयाँ नाफा राखेर बिक्री गर्ने जनाएको छ। तयारी मासुको मूल्य भने प्रतिकेजी करिब २ हजार १ सय रुपैयाँ राखिएको बताइएको छ । त्यस्तै, हेमजाका ऋषिराम पौडेल र झपट पौडेलले माथिल्लो मुस्ताङबाट करिब १६५ वटा भेडा-च्याङ्ग्रा पोखरा ल्याएर विष्णुपादुका माध्यमिक विद्यालयको खेलमैदानमा बिक्री सुरु गर्नुभएको छ। उहाँहरूले कागबेनीबाट करिब आठ घण्टामा ट्रकमार्फत भेडा-च्याङ्ग्रा पोखरा ल्याएको बताउनुभयो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फिर्केखोलाको खोलाघरबाट २६ संरचना हटाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज

पोखरा महानगरपालिकाले बजारको मध्यभाग भएर बग्ने फिर्केखोलाको प्राकृतिक बहाव क्षेत्र (खोलाघर) मा रहेका संरचना हटाउने अभियानलाई तीव्रता दिएको छ । यही असोज १५ गतेदेखि सुरु भएको अभियानअन्तर्गत हालसम्म १२ स्थायी र १४ वटा अस्थायी संरचना हटाइएको महानगर प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

गत जेठदेखि सुरु गरिएको खोलाघर खाली गर्ने अभियानअन्तर्गत सम्बन्धित घरधनीलाई आफ्ना संरचना आफैं खाली तथा हटाउन अन्तिम अवसर दिइएको थियो। सो अवधिमा पनि खाली नभएका वा हटाउन नसकिएका संरचना महानगरपालिकाले अहिले क्रमशः हटाइरहेको हो।

फिर्के खोलाको खोलाघरभित्र निर्माण भएका संरचना सम्बन्धित व्यक्ति तथा संस्थाले आफैं हटाउने भनी महानगरपालिकासमक्ष मौखिक सहमति जनाएका थिए तर सहमतिअनुसार संरचना नहटाएपछि महानगरपालिकाले हटाउने कार्य पुनःअघि बढाएको थियो । प्रमुख आचार्यले फिर्केखोलाको प्राकृतिक बहाव क्षेत्र संरक्षण र व्यवस्थित सहरी विकासका लागि अभियानलाई निष्कर्षमा पुऱ्याइने बताउनुभयो । "खोलाघर संरक्षण पोखराको दीर्घकालीन हितसँग जोडिएको विषय हो। अभियानलाई सफल बनाउन सबैपक्षको सहयोग आवश्यक छ", उहाँले भन्नुभयो।

महानगरका अनुसार खोलाघरभित्र रहेका बाँकी संरचना पनि क्रमशः हटाउँदै गाईघाटसम्म पुगेर अभियान सम्पन्न गरिनेछ । महानगरले अभियान सफल बनाउन नगरवासी, सरोकारवाला तथा सम्बन्धित पक्षलाई सहयोग, समन्वय र सहजीकरणका लागि आग्रह गरेको छ । खोलाको प्राकृतिक बहाव क्षेत्र संरक्षणसँगै बाढी तथा डुबानको जोखिम न्यूनीकरण र व्यवस्थित सहरी विकासमा अभियान महत्वपूर्ण हुने महानगरले जनाएको छ।

पोखरा महानगरपालिका-१८, २, ४, ५, ७, ८, ६ र १७ भएर बगेर फेवातालमा मिसिने फिर्के खोलाको कुल लम्बाइ आठ किलोमिटर रहेको छ । फिर्के कम्तीमा तीन मिटरदेखि बढीमा ४० मिटरसम्म फराकिलो रहेको पोखरा महानगरले गरेको नापजाँच प्रतिवेदनमा उल्लेख छ।

फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकीन गरिएको खोला घरको पश्चिमतर्फ ३०३ र पूर्वतर्फ २८५ वटा गरी ५८८ सीमास्तम्भ गाडिएका छन् । महानगरले फिर्के खोलाघरभित्रका संरचना हटाएपछि फिर्के करिडोर परियोजना अघि बढाउने योजना बनाएको छ।




# लोकतान्त्रिक मूल्य र मान्यताबाट डगमगाउनेवाला छैनौँः सभापति लामिछाने

रासस
काठमाडौं, १८ असोज

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले लोकतन्त्रका मूल्य र मान्यताबाट नडगमगाउने अडान व्यक्त गर्नुभएको छ ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन समारोहमा शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै सभापति लामिछानेले लोकतान्त्रिक मूल्य र मान्यतालाई अझ सुदृढ र संस्थागत बनाउने पक्षमा पार्टी रहेको स्पष्ट गर्नुभयो ।

उहाँले भन्नुभयो, "तपाईंहरूमाझ पूर्ण विश्वाससहित भन्न चाहन्छु, हामी लोकतन्त्रका मूल्य र मान्यताबाट डगमगाउनेवाला छैनौँ । यससँग सम्बन्धित संस्थालाई अझ बलियो बनाएर नेपाली जनताको त्याग, बलिदान र तपस्याबाट प्राप्त परिवर्तनको रक्षा गर्ने क्रममा अग्रपङ्क्तिमा उभिनेछौँ ।" सभापति लामिछानेले लोकतन्त्रलाई निर्वाचनका माध्यमबाट मात्रै समृद्ध बनाउनसक्ने बताउनुभयो । राजनीतिक आस्था र विश्वास अलग हुनसक्ने भए पनि सरकारको नियत सही भएको उहाँको भनाइ छ ।




"सरकारको नियत सही छ। कुनै निर्णय विवादमा पर्न सक्लान्, कुनै निर्णय खराब हुन सक्लान्, हामी सच्याउँछौँ", उहाँले भन्नुभयो, "तर लोकतन्त्रप्रतिको हाम्रो प्रतिबद्धता, त्यसमा दायाँबायाँ हुँदैन, त्यसलाई डगमगाउन दिँदैनौँ । म यहाँहरूलाई विश्वस्त हुनका निम्ति अनुरोध गर्न चाहन्छु", सभापति लामिछानेले भन्नुभयो ।

"म यहाँहरूलाई विश्वस्त हुनका लागि अनुरोध गर्न चाहन्छु । मैले त्यतिखेर संसद्मै भनेको थिएँ कि दुई ठूला राजनीतिक दलविना कुनै कारण, विनाकुनै सङ्कट, विनाकुनै उद्देश्य एक ठाउँमा आउँदा त्यसले सङ्कट पैदा गर्छ भनेर ।" उहाँले विगतलाई स्मरण गर्दै भन्नुभयो, "अहिले त्यो सत्य सावित भएको छ, त्यसले हामीलाई जन्मायो । म तपाईंहरूलाई फेरि पनि विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु । लोकतन्त्रको यति धेरै दुहाइ पनि नदिनुहोस् कि लोकतन्त्रको सबै रक्षा हामीले नै गर्छौं भनेर, पूरै ठेक्कापट्टा लिने काम नगर्नुहोस् ।"

इतिहासलाई साक्षी राखेर इतिहास बदल्ने प्रेरणासहित सरकार गठन गरेको स्पष्ट गर्नुहुँदै पार्टी सभापति लामिछानेले लोकतन्त्रमाथि मुलुकमा अहिले कुनै पनि प्रकारको खतरा नभएकाले ढुक्क हुन सबैसँग अनुरोध गर्नुभयो ।

लोकतन्त्रमाथि कहीँकतैबाट खतरा देखिए त्यसको प्रतिवाद नेपाली जनताले गरी लोकतन्त्र जोगाउने स्पष्ट गर्नुहुँदै सभापति लामिछानेले देश र जनताका पक्षमा रचनात्मक सहयोग गरी नेपाली जनताको विश्वास जितेर आगामी चुनावमार्फत सरकारमा आउन बाटो रहेको बताउनुभयो ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपाली कांग्रेसको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्नुहुँदै उहाँले देशको सबैभन्दा पुरानो पार्टी कांग्रेसको महाधिवेशन सफलताको कामना गर्नुभयो ।

# कास्की आइडल-२ को सेमिफाइनल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

नयाँ प्रतिभाको खोजी, पहिचान र प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन भइरहेको कास्की आइडल सिजन-२ को सेमिफाइनल राउन्ड सम्पन्न भएको छ । सेमिफाइनलबाट गायन र नृत्यतर्फ १०-१० जना गरी २० जना प्रतियोगी ग्रान्ड फिनालेका लागि छनोट भएका छन् ।

गायनतर्फ रहमान खान, सुमन भण्डारी, अमृत गुरुङ, राजन सार्की, प्रताप रानाभाट, बुद्धि तामाङ, मन्सा गुरुङ, दिप्सन बगदास, प्रमेश गुरुङ र इडिभा खत्रीवडा फाइनलका लागि छनोट भएका छन् । त्यस्तै नृत्यतर्फ तृप्ति गुरुङ, स्मृति सुवेदी, विपसा सुनार, सहारा रानाभाट, प्रशंसा सापकोटा, जेनिशा परियार, गौमाया गुरुङ, नोरा गुरुङ, सुमिना कुमाल र सिम्रन थापा उत्कृष्ट १० मा पर्न सफल भएका छन् । कार्यक्रम इभेन्ट म्यानेजर अनिल ढुंगानाको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा साथी पानीका सञ्चालक तथा प्रतियोगिताको विनर



प्राइज स्पोन्सर विजय सुनार प्रमुख अतिथि रहेका थिए । युवा व्यवसायी सन्दीप ढुंगाना विशिष्ट अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य तथा रूपा-६ का वडा सदस्य क्या. हर्कबहादुर गुरुङ, सिद्धार्थ समाजका अध्यक्ष टिका बहादुर गुरुङ, मोहोरिया विकास कोषका अध्यक्ष गेश बहादुर गुरुङ, दौतरी समूह रामबजारका अध्यक्ष मनोज गुरुङ, सानो मझुवा टोल विकास संस्थाका अध्यक्ष, धौलागिरी टोल विकास संस्थाका अध्यक्ष पूर्णबहादुर गुरुङ, लमजुङ समाजका अध्यक्ष आशबहादुर गुरुङ, लक्ष्मी टोलामा समूहका अध्यक्ष दुर्गा राना, मजुवा द्वारे टोल विकास समूहका अध्यक्ष शशी गुरुङ, लामिछाने दिदीबहिनी मोहोरियाका अध्यक्ष पूर्णकुमारी गुरुङ, भगवती टार आमा समूहका अध्यक्ष कुमारी गुरुङ, माछापुछ्रे आमा समूहका अध्यक्ष माया गुरुङ भुजेल लगायतको उपस्थिति रहेको थियो ।

सेमिफाइनलमा खेम लामा र सुजित सेवातले गायनतर्फ तथा पुकार श्रेष्ठ र उपेन्द्र गुरुङले नृत्यतर्फ निर्णायकको भूमिका निर्वाह गरेका थिए । कार्यक्रममा उपस्थित अतिथिहरूले कास्की आइडलले स्थानीयस्तरमा लुकेका प्रतिभालाई आफ्नो कला प्रस्तुत गर्ने अवसर प्रदान गर्दै उनीहरूलाई अगाडि बढ्न महत्वपूर्ण मञ्च दिएको बताए ।

कार्यक्रमको सञ्चालन साँझ क्रिएसन्सकी सदस्य सुस्मिता बास्तोला र साँझ क्रिएसन्सका अध्यक्ष झलककुमार गुरुङले गरेका थिए । अब कास्की आइडल-२ को ग्रान्ड फिनाले कार्तिक १४ गते सभागृह हलमा आयोजना हुँदैछ । ग्रान्ड फिनालेमा गायन र नृत्यतर्फ छनोट भएका उत्कृष्ट प्रतिभाबीच उपाधिका लागि

# चिनियाँ राजदूत सात सदस्यीय टोलीसहित लोमान्थाङमा

पोखरापत्र संवाददाता
मुस्ताङ, १८ असोज

नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङसहित सात सदस्यीय टोली कोरलानाका हुँदै शनिबार उपल्लो मुस्ताङको लोमान्थाङ पुगेको छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्माले "चिनियाँ राजदूत कोरलानाकाबाट मुस्ताङ आउनुभएको छ, भ्रमणसम्बन्धी विस्तृत जानकारी प्राप्त भएको छैन," भन्नुभयो । उहाँ तीनदिने भ्रमणमा लोमान्थाङ पुग्नुभएको,



टोलीमा पाँच जना चिनियाँ रहेका र आइतबार लोमान्थाङबाट कोरला नाका हुँदै चीनतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको जनाइएको छ । लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङका अनसार कोरला नाकाको वस्तुस्थिति बुझ्न चिनियाँ राजदूत मुस्ताङ आउनुभएको हो । लामो समयदेखि बन्द रहेको तातोपानी नाकाको विकल्प बनेको केरुङ भोटेकोशी बाढीबाट बगरमा परिणत भएपछि कोरला पुनः सञ्चालनको माग भइरहेका बेला चिनियाँ राजदूतको मुस्ताङ भ्रमणलाई अर्थपूर्ण मानिएको छ । रसुवा र तातोपानी नाका बन्द भएयता मुस्ताङ भन्सार कार्यालयले दैनिक रु ३० करोडको हाराहारीमा राजस्व सङ्कलन गर्दै आएको थियो ।

# ब्रोइलर कुखुरा पालक किसानका समस्या समाधान गर्न नयाँ समिति, अध्यक्षमा सापकोटा

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

कास्कीमा ब्रोइलर कुखुरा पालन गर्ने किसानहरुको आइतबार भएको एक भेलाले पोखरा-२५ हेमजाका ईश्वर सापकोटाको अध्यक्षमा कास्की जिल्ला ब्रोइलर किसान संघ गठन गरेको छ ।

उक्त तदर्थ समितिको उपाध्यक्षमा चिरञ्जीवी ढुङ्गाना, सचिवमा प्रेम जोशी, सह सचिवमा बसुन्धरा लम्साल, कोषाध्यक्षमा प्रकाश थापा तथा सदस्यहरुमा निराज बराल क्षेत्री, गणेश गौतम, दुर्गा सुनार, सुशिल भण्डारी, लिलाधर पौडेल र ध्रुवराज गौतम रहेका छन् ।ब्रोइलर कुखुरा किसानहरूले भोग्दै आएका विभिन्न समस्या समाधानका लागि नयाँ समिति गठन गरिएको छ । किसानको हकहित संरक्षण गर्दै कुखुरा व्यवसायलाई व्यवस्थित, व्यावसायिक र दिगो बनाउने उद्देश्यले समिति गठन गरिएको तदर्थ समितिका अध्यक्ष सापकोटाले जानकारी दिए । ब्रोइलर कुखुरा किसानहरूले पछिल्लो समय दाना तथा चल्लाको बढ्दो मूल्य, औषधि तथा अन्य उत्पादन लागतमा वृद्धि, बजारमा कुखुराको मूल्यमा हुने उतारचढाव, बिचौलियाको प्रभाव, रोगको जोखिम तथा



उत्पादित कुखुराले उचित मूल्य नपाउने जस्ता समस्या समाधान गर्न समिति गठन गरिएको उनले जानकारी दिए । उत्पादन लागत बढ्दै जाने तर बजार मूल्य स्थिर वा घट्ने अवस्थाले किसानहरूलाई आर्थिक रूपमा ठूलो दबाब परेको बताउँदै उनले यो समस्या हलका लागि किसानहरु एक जुट हुनु पर्ने उल्लेख गरे । नवनिर्वाचित समितिले किसानका यस्ता समस्या सामूहिक रूपमा उठाउने, सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गर्ने र किसानले उत्पादन गरेको कुखुराको उचित तथा स्थिर बजार मूल्य सुनिश्चित गर्न पहल गर्ने जनाएको छ। साथै दाना, चल्ला र औषधिको मूल्य तथा गुणस्तरमा देखिएका समस्या, रोग नियन्त्रण, बजार व्यवस्थापन र किसानलाई आवश्यक प्राविधिक सहयोगका विषयमा पनि समितिले आवाज उठाउने छ। कुखुरा किसानहरूको समस्या समाधानका लागि स्थानीय सरकार, कृषि तथा पशुपन्छीसम्बन्धी कार्यालय, व्यवसायी र किसानबीच प्रभावकारी समन्वय आवश्यक रहेको समितिको धारणा छ। नयाँ समितिले किसानलाई एकताबद्ध गर्दै ब्रोइलर कुखुरा व्यवसायलाई सुरक्षित र लाभदायक बनाउन पहल गर्ने बताइएको छ।

नयाँ समितिले किसानका वास्तविक समस्या संकलन गरी प्राथमिकताका आधारमा समाधानका लागि सम्बन्धित निकायसमक्ष पहल गर्ने तयारी गरेको छ।

# राइजिङ स्टार युथ क्लवको रक्तदानमा ४६ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, १८ असोज

पोखरा महानगरपालिका वडा नं २७ रिठेपानीमा रहेको राइजिङ्ग स्टार युथ क्लवले राखेको खुल्ला रक्तदानमा ४६ युनिट रगत संकलन भएको छ।

क्लवको वार्षिक कार्यक्रम अर्न्तगत आइतवार राखिएको खुल्ला रक्तदानमा समाजसेवी मेजर सुर्य गुरुङले पहिलो रक्तदाता राजन गुरुङलाई ब्लड ब्याग हस्तान्तरण गर्दै युवाहरुको समाज विकासमा ठूलो भूमिका रहने वताए । पोखरा महानगरपालिका वडा नं २७ का वडा सदस्य




जितेन्द्रबहादुर क्षत्रीले क्लवको सकृयताको प्रशंसा गर्दै समाज परिवर्तनका लागि अझै खटेर काम गर्न काम गर्न सुझाव दिए । क्लवका अध्यक्ष अनिल गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा रक्तसंचार केन्द्र पोखराका प्राविधिक टोलीको सहयोग रहेको थियो । कार्यक्रममा क्लवका पूर्व अध्यक्ष विष्णुप्रसाद गुरुङले सरसफाई र खेलकुदको क्षेत्रमा क्लबले थुप्रै कार्यक्रम गरेको वताए । रक्तदान जीवन दान जीवन दान महादान भन्ने मुल नाराका साथ सरु भएको कार्यक्रममा स्थानीय समाजसेवीहरु, प्रगतिचोक आमा समाजका अध्यक्ष लगायत पदाधिकारीहरु, रिठेपानी सहकारी अध्यक्ष कुशप्रसाद गुरुङ, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल लगायतले शुभकामना दिएका थिए भने क्लवको वर्षभरको आयव्यय समेत प्रस्तुत गरिएको

# निरन्तरताको क्रमभंग गरेर कांग्रेसले देशको नेतृत्व गर्नुपर्छः संयोजक दाहाल

रासस
काठमाडौं, १८ असोज

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निरन्तरताको क्रमभङ्ग गरेर कांग्रेसले देशको नेतृत्व गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै संयोजक दाहालले कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको नेतृत्वमा निरन्तरताको क्रमभङ्ग गरेर नयाँ इतिहासतर्फ अघि बढाएको उल्लेख गर्नुभयो। सभापति थापालाई बधाई दिँदै संयोजक दाहालले आफू प्रधानमन्त्री हुँदा थापा स्वास्थ्यमन्त्री रहेको स्मरण गर्दै उहाँको राजनीतिक यात्राप्रति आफू खुसी रहेको बताउनुभयो । "गगनजीलाई बधाई छ, गगनजीमा नेतृत्व गर्ने क्षमता छ, अन्ततः यो देशको नेतृत्व गर्ने अवस्था आउन सक्छ भनेको थिएँ, आज त्यही देखिरहेको छु", संयोजक दाहालले भन्नुभयो । संयोजक दाहालले कांग्रेसभित्र अझै छुटेका नेता तथा समूहलाई जोडेर अघि बढ्न सभापति थापालाई आग्रह गर्नुभयो । पार्टीलाई थप एकताबद्ध बनाएर अघि बढाउनुपर्नेमा कांग्रेसको नयाँ नेतृत्व लाग्नुपर्ने उहाँको भनाइ थियो। सभापति थापा अब कांग्रेसको नेतृत्वमा मात्रै सीमित नरही देशकै नेतृत्व गर्ने बाटोमा अघि बढ्नुपर्ने भन्दै संयोजक दाहालले त्यसका लागि आफ्नो साथ र सहयोग रहने बताउनुभयो । उहाँले मुलुकमा गणतन्त्र र लोकतन्त्रसमेत जोखिममा पर्न सक्ने अवस्था रहेको भन्दै राजनीतिक दलहरू सचेत हुनुपर्ने उल्लेख गर्नुभयो। लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न प्रमुख राजनीतिक शक्तिहरूबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो । संयोजक दाहालले आफू र कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाबीच भएको शान्ति सम्झौताका केही काम अझै पूरा हुन बाँकी रहेको भन्दै त्यसलाई टुङ्ग्याउन वर्तमान सभापति थापा लाग्नुपर्ने बताउनुभयो । "शान्ति सम्झौताका केही चिज अझै टुङ्ग्याउन बाँकी छ, यो टुङ्गिएन भने देश फेरि अर्को द्वन्द्वमा जान सक्छ, यो पनि गगन थापाले पूरा गर्नुपर्ने छ", उहाँले भन्नुभयो । मुलुकको समृद्धि र विकासका लागि सबै राजनीतिक शक्ति मिलेर अघि बढ्नुपर्ने संयोजक

# पोखरामा भेडा...

। व्यवसायीहरूका अनुसार यस वर्ष दशैं-तिहारलाई लक्षित गरी मुस्ताङबाट मात्रै हजारौँ भेडा-च्याङ्ग्रा पोखरासहित देशका विभिन्न बजारमा जाने तयारी छ। मुस्ताङको कोरोला नाका दशैंअघि नै सञ्चालनमा आएकाले पनि यस वर्ष हिमाली क्षेत्रबाट भेडा-च्याङ्ग्रा बाहिरिने क्रम बढ्न सक्ने व्यवसायीहरूको भनाइ छ।

यसै गरी भेडा-च्याङ्ग्राको स्वास्थ्य अवस्थालाई ध्यान दिँदै मुस्ताङको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयले स्वास्थ्य परीक्षणको काम सुरु गरेको जनाएको छ । मुस्ताङबाट बाहिरी जिल्लामा पठाइने भेडा-च्याङ्ग्राको स्वास्थ्य परीक्षण गरी आवश्यक प्रक्रिया पूरा गरेपछि मात्र पठाउने व्यवस्था गरिएको कार्यालयका डा.लालमणि अर्यालले बताउनुभयो । हिमाली क्षेत्रमा प्राकृतिक चरनमा जडीबुटीसहितका विभिन्न वनस्पति खाँदै हुर्किएका भेडा-च्याङ्ग्रालाई उपभोक्ताले स्वादिलो र पोषणयुक्त मासुका रूपमा लिने गरेका छन् । यद्यपि, स्वास्थ्य र खाद्य सुरक्षाका दृष्टिले पशुको वास्तविक स्वास्थ्य अवस्था तथा पशु स्वास्थ्य प्रमाणपत्रलाई प्राथमिकता दिनुपर्ने पशु स्वास्थ्यकर्मीहरू बताउनु हुन्छ । पोखराका उपभोक्ता नारायण शाहीले यस वर्ष दशैंका लागि आउने भेडा-च्याङ्ग्राको मूल्य अघिल्ला वर्षभन्दा केही सहुलियत हुने विश्वास व्यक्त गर्नुभयो ।

"यस वर्ष मुस्ताङसँगै डोल्पा, जुम्ला र हुम्लाबाट पनि भेडा-च्याङ्ग्रा आएका छन्। आपूर्ति बढेमा उपभोक्ताले केही सस्तोमा खरिद गर्न पाउने आशा गरेका छौँ," उहाँले भन्नुभयो । दशैं नजिकिँदै जाँदा पोखरामा भेडा-च्याङ्ग्राको कारोबार थप बढ्ने व्यवसायीहरूको अनुमान छ। हिमाली जिल्लाबाट लामो दूरी पार गरेर ल्याइने भएकाले ढुवानी, सडकको अवस्था, पशु स्वास्थ्य परीक्षण तथा स्थानीय बजारको

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# वाह सांसद भन्ने अवसर गुमाएको अधिवेशन

संघीय संसद्को चालु अधिवेशन शुक्रबार रातिदेखि अन्त्य भएको छ । नयाँ युवाहरुको बाहुल्य रहेको प्रतिनिधिसभामा बहुमतको ढ्यापढ्यापे र प्रतिपक्षको प्रधानमन्त्री बालेन्द्र शाहले दिएको सिमा अतिक्रमण सम्बन्धि अभिव्यक्तिको विरोध गरेर सकिएको छ । प्रतिनिधिसभामा बहुमत प्राप्त दलले प्रतिपक्षी आवाज सुन्न नसक्ने र सत्तारुढ दलका सांसदहरू ढ्यापढ्याप गरेरै सकिएको छासत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री विपिन आचार्यले वाह सांसद, वाह संसद भन्ने अवस्थामा आउन नसकेकोमा चिन्ता व्यक्त गरेका छन । संवाद गर्ने र रचनात्मक बहसको थलो बनाउन नसक्नु सत्तारूढ दलका नयाँ र युवा सांसदहरूलाई देशका समस्याका बारेमा जानकार हुनबाट रोक्नु हो ।

प्रधानमन्त्रीको कार्यशैली र संसद्को अवमूल्यन गर्दाका कारण नयाँ र युवा सांसदहरूले सिक्ने मौका गुमाएका छन । नयाँ कानुन बनाउने र पुराना कानुनमा समयानुकूल संशोधन गर्ने वाचा गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले सुनौलो मौका चुकाएको छ । यद्यपी चालु अधिवेशनमा संसद्का दुवै सदनबाट १२ वटा विधेयक पारित र ११ प्रमाणीकरण भएका छन् । संसद् अधिवेशनमा राष्ट्रपति पौडेलले सम्बोधनमार्फत सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरे । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वार्षिक बजेट पेस गरे । दुवै सदनमा छलफलसँगै वार्षिक नीति तथा कार्यक्रम र बजेट दुवै पारित भयो । संसद्लाई छल्दै आएका प्रधानमन्त्री वालेन्द्र शाह आकस्मिक प्रश्नोत्तरमा सहभागी भए पनि विवादित बने ।

गत भदौ १० गते भोटेकोशी-त्रिशूली हिमबाढीले अकल्पनीय जनधनको क्षति भयो । भदौ १७ गते सो महाविपत्का सम्बन्धमा उद्धार, पुनर्स्थापना र पुनर्निर्माणलगायतमा पनि प्रधानमन्त्रीले सदनमा जानकारी दिए । प्रतिनिधि सभाले भोटेकोशी सो महाविपत्पछिको अध्ययनका लागि विशेष समिति गठन भएको छ । जुन समिति प्रधानमन्त्रीको चाहनामा भन्दा रास्वपा सभापति रवि लामिछानेको सक्रियतामा भएको सर्वदलीय बैठकको परिणति हो। अधिवेशन अवधिमा संघीय संसद्को संयुक्त बैठक दुई पटक बस्यो । सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पेसका लागि संयुक्त बैठक बसेका हुन् । अधिवेशन अवधिभर सम्बन्धित मन्त्रीहरूसँग १३ पटक प्रश्नोत्तर कार्यक्रम भए । प्रश्नोत्तर हुन बाँकी जवाफ अधिवेशन अन्त्यका क्रममा टेबुल भएका छन् । जवाफ दिन बाँकी मौखिक १६ र लिखित आठ वटा प्रश्नको जवाफ टेबुल गरिएका छन । सभामा पाँच वटा सार्वजनिक महत्वका प्रस्ताव दर्ता भएकोमा एउटामा मात्र छलफल भएको छ ।

तीन वटा सङ्कल्प प्रस्ताव दर्ता भए पनि छलफल भएन । संसदमा जीवन्त छलफल यस्तै प्रस्तावमा हुने हो । जहाँ सत्ता पक्ष र प्रतिपक्ष भन्दा माथि उठेर मुद्दाका बारेमा बहस हुन्छ । यो अधिवेशन २०८३ वैशाख २८ मा सुरु भई १४५ दिन चल्यो । जसमध्ये प्रतिनिधि सभामा ६२ दिनमा ६८ वटा बैठक बसे । कुल २७७ घण्टा ३० मिनेट सभाले काम गरेको छ । प्रतिनिधि सभामा ३५ वटा विधेयक दर्ता भए । तीमध्ये २० वटा विधेयक प्रतिनिधि सभाका सम्बन्धित समितिमा विचाराधीन छन् । पहिलो अधिवेशनबाट जिम्मेवारी सरेको वैकल्पिक विकास वित्त परिचालन विधेयक यो अधिवेशनबाट पारित भयो । सर्वाधिक चासोको निजामती सेवा विधेयक भने अधिवेशनको अन्त्यमा दर्ता मात्र भयो । संवैधानिक परिषद्सम्बन्धी र नेपाल राष्ट्र बैङ्क तेस्रो संशोधन विधेयकको प्रतिवेदन सभाले प्राप्त गरेको छ । राष्ट्रिय सभाले यसबिचमा पाँच वटा विधेयक प्रतिनिधि सभा पठाएकोमा चार वटा विचाराधीन छन् । विधि विज्ञान प्रयोगशाला विधेयक भने प्रतिनिधि सभाले पनि पारित गर्‍यो । अधिवेशनमा विभिन्न आयोगका प्रतिवेदन पेस भए । त्यस्तै राष्ट्रिय सभाबाट तीन विधेयक, चार अध्यादेश र अध्यादेशलाई प्रतिस्थापन गर्ने छ वटा विधेयक पारित भएका छन् । सभामा अब कुनै विधेयक विचाराधीन छैन ।

प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त बजेटमा आश्रित तीन वटा विधेयक अधिवेशनबाट पारित भए । सभाले तीन वटा विषयमा सरकारलाई रुलिङ गर्‍यो । सभामा सदस्यहरूले आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकार समयमा उठाउनुभएका विषयको जवाफ दिन सम्बन्धित मन्त्रीलाई निर्देश गरियो । सभाले जरुरी सार्वजनिक महत्वका प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव र विशेष प्रस्ताव पारित गर्‍यो । १४५ दिन चलेको अधिवेशन अवधिभरि १५ वटा मन्त्रालयसँग सम्बन्धित ३५ वटा मौखिक प्रश्नोत्तर कार्यक्रम सञ्चालन भए । दुवै सदनको अधिवेशन अवधिमा विषयगत समितिहरू पनि सक्रिय भए । समग्रमा यो अधिवेशन राष्ट्रिय चासो र जनसरोकारका विषयमा सरकारको अरुचि र संसद्लाई अवमूल्यन गर्दा बहसको थलो बन्न सकेन।संसदले सरकारलाई सदनप्रति उत्तरदायी बनाउन सकेन । सत्तारूढ दलका महामन्त्री र सचेतकका सुझाव पनि नलिनु प्रधानमन्त्रीले संसदलाई जनताको आवाजलाई सुन्न नचाहनु हो।सभामुखले प्रधानमन्त्री र मन्त्रीहरूलाई संसदप्रति उत्तरदायी बनाउन निर्देशन दिन चुक्दा वाह संसद यस्तो होस भन्ने मौका नयाँ सांसदहरूले गुमाउनुपरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गलकोटमा दैवी विपत्ति, ६३ घरमा क्षति

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ असोज

गलकोट नगरपालिका क्षेत्रमा असोज ९, १० र ११ गतेको बाढी, पहिरो र हुरीले ६३ घरमा क्षति भएको छ ।

गलकोट नगरपालिकाका अनुसार एउटा वडा कार्यालयसहित ६३ घरमा क्षति भएको छ । अन्य १३३ घरमा आंशिक क्षति भएको छ । हुरीले ३९ घर पूर्ण, ५२ घरमा आंशिक क्षति भएको छ । यसैगरी, पक्की सिँचाइका २१ संरचनामा धेरै र २४ वटामा सामान्य क्षति भएको छ । कच्ची सिँचाइका २०३ संरचनामा पनि नोक्सानी भएको छ ।

# पानीघट्टसँगै पुर्खाको लोप हुँदै

**पोखरापत्र संवाददाता**
लमजुङ, १८ असोज

पहिले गाउँको जीवनसँग पानीको कलकल आवाजसँगै जोडिएको थियो पानीघट्ट । खोलाको पानीलाई कुलोमार्फत घट्टसम्म पुर्‍याइन्थ्यो र त्यही पानीको शक्तिले ढुङ्गा घुमाएर घरघरको अन्न पिसिन्थ्यो । गाउँमा आधुनिक मिल र बिजुली नपुगेका बेला पानीघट्ट अन्न पिस्ने साधन मात्र थिएन, गाउँको आत्मनिर्भर जीवनको महत्वपूर्ण आधारसमेत थियो ।

मकै, कोदो, गहुँ, जौ, धानलगायत अन्न पिस्न प्रयोग हुने पानीघट्टमा गाउँलेको दैनिकी, श्रम र पुर्खाको सीप जोडिएको थियो । घट्टमा अन्न पिसाएबापत पैसा नभई केही अन्न दिने चलन थियो । तर अहिले समय फेरिएको छ । गाउँमा बिजुली, सडक र आधुनिक प्रविधिको पहुँच बढ्दै गएपछि पानीघट्टको प्रयोग क्रमशः घट्दै गएको छ ।

कुनै समय लमजुङका दर्जनौँ गाउँमा प्रचलनमा रहेका पानीघट्ट अहिले कतिपय ठाउँमा देख्नै मुस्किल हुन थालेका छन् । दूधपोखरी गाउँपालिका-२ विचौरका स्थानीय विनायक दवाडीका अनुसार इलामपोखरी, विचौरलगायत ठाउँमा पहिले पानीघट्ट गाउँलेको अन्न पिस्ने प्रमुख आधार थिए । स्थानीयले घट्टमा अन्न पिसाउने र त्यसबापत केही अन्न दिने चलन थियो । अहिले भने गाउँबाट पानीघट्ट हराइसकेको उहाँले बताउनुभयो ।

"पहिले पानीघट्टमा गाउँलेको ठूलो भर थियो । अन्न पिस्नका लागि घट्टमै जाने र त्यसबापत केही अन्न दिने चलन थियो । अहिले गाउँमा पानीघट्ट नै छैनन्", दवाडीले भन्नुभयो । उहाँका अनुसार गाउँमा सडक पुगेपछि गाडीमार्फत नयाँ प्रविधि र आधुनिक मिलको पहुँच बढ्न थालेसँगै समय र श्रम बचत हुने भएपछि गाउँलेले परम्परागत पानीघट्टको सट्टा आधुनिक प्रविधि प्रयोग गर्न थालेकाले पुर्खाको सीप र घट्ट हराउँदै गएको उहाँको भनाइ छ । "सडक पुगेपछि नयाँ प्रविधि गाउँसम्म आइपुग्यो । समय र श्रम बचत हुने भएकाले गाउँले पनि आधुनिक प्रविधितर्फ आकर्षित भए । त्यससँगै पुर्खादेखि चलिआएको पानीघट्ट हराउँदै गएका छन्", दवाडीले भन्नुभयो । पानीघट्ट हराउँदै जाँदा पुर्खाले प्रयोग गर्दै आएको परम्परागत प्रविधि र सीपसमेत नयाँ पुस्ताबाट टाढिँदै गएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

मर्स्याङ्दी गाउँपालिका-४ का स्थानीय प्रदीप गुरुङका अनुसार एक दशकअघिसम्म गाउँका मिप्रा र छाप्रामा पानीघट्ट सञ्चालनमा थिए । गाउँमा बिजुली पुगेपछि आधुनिक मिलको प्रयोग बढ्दै गयो र पानीघट्ट क्रमशः हराउँदै गएका उहाँको भनाइ छ । "एक दशकअघिसम्म हाम्रो गाउँमा मिप्रा र छाप्रामा पानीघट्ट थिए । बिजुली आएपछि गाउँले आधुनिक तरिकातर्फ लागे । त्यसपछि पानीघट्ट चल्न छाडे र अहिले गाउँबाटै लोप भइसकेका छन्", उहाँले भन्नुभयो ।

उहाँका अनुसार पानीघट्ट हराउँदै जाँदा त्यसको प्रयोग, बनावट र सञ्चालनको परम्परागत ज्ञानसमेत नयाँ पुस्ताबाट टाढिँदै गएको छ । अहिलेका युवापुस्ताले पुर्खाले कसरी पानीघट्ट सञ्चालन गरेर अन्न पिस्थे भन्नेसमेत थाहा पाउन कठिन हुँदै गएको उहाँले उल्लेख गर्नुभयो । क्व्होलासोथार गाउँपालिका-४ भुजुङका स्थानीय हेमन्ता गुरुङका अनुसार केही वर्षअघिसम्म गाउँमा पाँच, छ वटासम्म पानीघट्ट सञ्चालनमा थिए । गाउँलेहरू अन्न पिस्न तिनै घट्टमा निर्भर हुन्थे । अहिले भने गाउँमा एउटा मात्र पानीघट्ट बाँकी छ । "पहिले गाउँलेको अन्न पिस्ने मुख्य आधार पानीघट्ट थियो । अहिले आधुनिक मिल आएपछि यसको प्रयोग घट्दै गयो", उहाँले भन्नुभयो ।

उहाँका अनुसार पानीघट्ट पुर्खाले छाडेर गएको सीप, कला र स्थानीय प्रविधिको चिनारीसमेत हो । यस्ता पुर्ख्यौली सम्पदा संरक्षण गर्न नसके भावी पुस्ताले आफ्नो मौलिक प्रविधि र सीपबारे प्रत्यक्ष जान्ने अवसर गुमाउने उहाँको भनाइ छ । क्व्होलासोथार-५ सिङ्दीका घरबास सञ्चालक हुकुमबहादुर गुरुङले केही वर्षअघिसम्म सिङ्दीमा पनि पाँच-छ वटासम्म पानीघट्ट सञ्चालनमा रहेकामा अहिले भने एउटा मात्र पानीघट्ट प्रयोगमा रहेको बताउनुभयो । सिङ्दी र माथिपश गाउँका स्थानीयलेसमेत यही घट्ट प्रयोग गर्दै आएका छन् । उहाँका अनुसार आधुनिक मिलको सहजता र छिटोछरितो पिसानीका कारण पानीघट्टप्रति स्थानीयको आकर्षण घट्दै गएको हो ।

गाउँमा आउने पर्यटकका लागि भने पानीघट्ट अझै चासोको विषय बन्ने गरेको घरबास सञ्चालक गुरुङले बताउनुभयो । "आजको पुस्ताका लागि यस्तो प्रविधि नौलो लाग्छ । गाउँमा आउने पर्यटकलाई पनि यसले आकर्षित गर्छ । त्यसैले पानीघट्टलाई प्रयोगसँगै संरक्षण र पर्यटनसँग जोड्न सके अझ राम्रो हुन्छ", उहाँले भन्नुभयो ।

पानीघट्टको संरक्षण एउटा पुरानो अन्न पिस्ने साधन जोगाउनु मात्र होइन, पुर्खाले विकास गरेको स्थानीय ज्ञान, सीप र प्रविधिलाई जीवन्त राख्नु पनि रहेको यहाँका ज्येष्ठ नागरिक बताउँछन् । आधुनिकताको विस्तारसँगै हराउँदै गएको पानीघट्टलाई संरक्षण गर्नसके लमजुङको मौलिक गाउँले जीवन र पुर्ख्यौली प्रविधिको इतिहास भावी पुस्तासम्म पुर्‍याउन सकिन्छ । गाउँमा बाँकी रहेका पानीघट्टलाई जीर्ण हुन नदिइ संरक्षण गर्ने, आवश्यक मर्मतसम्भार गर्ने र स्थानीय उत्पादन तथा पर्यटनसँग जोड्ने हो भने लोपोन्मुख अवस्थामा पुगेको यो पुर्ख्यौली सम्पदालाई नयाँ पुस्तासम्म पुर्‍याउन सकिन्छ । आधुनिकताको दौडमा हराउँदै गएको पानीघट्ट केबल विगतको सम्झना नभई लमजुङको गाउँले जीवन, पुर्खाको सीप र मौलिक प्रविधिको जीवित दस्तावेज भएकाले यसको संरक्षण आवश्यक देखिएको छ ।

# फेवा सहकारीको २७ औं साधारण सभा सम्पन्न, अध्यक्षमा श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असोज



फेवा बचत तथा ऋण सहकारीको २७ औं साधारण सभा एक कार्यक्रमका साथ सहकारीका सम्पन्न भयो । आज भन्दा २६ बर्ष पहिले २०५६ सालमा २७ जना सदस्य सहभागी भै स्थापना भएको यस सहकारीमा आजका दिनसम्म २ हजार ८ सय ५० जना सदस्य भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि निवर्तमान अध्यक्ष एवं जेष्ठ सहकारी सदस्य क्या. चन्द्र प्रसाद गुरूङले पानसमा दिप प्रजलन गरी कार्यक्रमको उद्घाटन गर्दै फेवा सहकारीको बित्तिय कारोबारको बिषयमा प्रष्ट पार्नुहुँदै सहकारीमा मुख्य त ऋण लगानी, अशुलीमा बिषेश ध्यान दिनुपर्ने र तरलता धेरै भएमा पनी समस्या आउने र आफु फेवामा प्रबेस गरी अध्यक्ष सम्म प्रवेश गर्दाको अनुभब सुनाउनुभयो । उहाँले सहकारी आफ्नै भवनमा संचालन भएकोमा खुसी ब्यक्त गर्नुहुँदै बर्तमान समितिलाइ धन्यबाद दिदै नयाँ आउने समितीलाई बधाइ र सफलताको शुभ कामना दिनु भयो । साधारण सभा कार्यक्रममा सस्थाका अध्यक्ष सम्मर बहादुर श्रेष्ठले अध्यक्षको प्रतिबेदन प्रस्तुत गर्नुहुँदै १ अर्ब ३१ करोड ८४ लाख २५ हजार बराबरको कारोबार गर्दै ८२ करोड ४२ लाख २५ हजार लगानी गरिएको बताउनु भयो । उक्त अवसरमा सचिबको प्रतिबेदन सचिब दिल बहादुर भट्टराइले प्रस्तुत गर्नुभयो भने आर्थिक प्रतिवेदन कोषाध्यक्ष पुर्णभद्र अधिकारीले प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा परिमार्जन गर्नुपर्ने निति नियम र संस्थालाई ब्यवस्थित, सुशासित र गुणस्तरीय बनाउदै नीति बिधिमा सञ्चालन गर्न दोश्रो पटक संस्थाको बिनीयम पूर्ण लेखन, ऋण लगानी तथा अशुली कार्यबिधि लगायत थप अन्य निर्देशिका र आबश्यक निती तथा कार्यबिधीमा समेत छलफल गरी पारित गरियो ।

उद्घाटन कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का पूर्व अध्यक्ष एवं मुख्य प्रशिक्षक सहकारी अभियन्ता सुदिप ढकालले सहकारी के-के काममा नराम्रो गर्यो भने के के असर पर्छ ? र पहिले को सहकारी र हालको सहकारीमा भएको फरक सम्बन्धी प्रष्ट पार्नुहुँदै २०/३० जनाको सहभागितामा दिइने यस्ता तालिम आज यति ठूलो मासमा दिन पाउदा खुसी ब्यक्त गर्नुभयो । कार्यक्रममा निर्बाचन समितिका संयोजक एवं सहकारीका कानुनी सल्लाहकार पुष्पराज दहाल, सदस्य कास्की बचत तथा ऋण सहकारी संघ लि. का कोषाध्यक्ष भोजराज घिमिरे र सदस्य राम बजार सोसाइटी यूकेका संस्थापक उपाध्यक्ष रूपक गुरूङ रहेको निर्बाचन उप समितीले मनोनयन दर्ता गराउदा सबै पदमा निरबिरोध भएको घोषणा गर्दै अध्यक्ष सम्मर बहादुर श्रेष्ठ, उपाध्यक्ष शेरकाजी गुरूङ, सचिब दिल बहादुर भट्टराई, कोषाध्यक्ष पूर्ण भद्र अधिकारी र सदस्यहरूमा किरण बिजुक्छे, योगराज पौडेल, क्या. श्याम बहादुर गुरूङ, तिलु गुरूङ र बिष्णु प्रसाद गुरूङ निर्बिरोध निर्बाचित हुनु भएको उक्त समितीको लेखा सुपरिबेक्षण समितीको संयोजकमा श्याम गुरूङ र सदस्य हरूमा चक्रपाणी दाहाल, सकुन्तला के सी निर्बिरोध निर्बाचित भएको उद्धोषक गर्नुहुदै गोपनियताको सपथ ग्रहण गराइ सम्पन्न गर्नु भयो ।

कार्यक्रममा उत्कृष्ट शेयर सदस्यहरू सम्मान गर्ने बिधामा उत्कृष्ट ऋण सदस्यमा चन्द्र कुमारी धताने र अगन बहादुर धताने, चित्र बहादुर गुरूङ र चोखो माया गुरूङ, पूर्ण कुमार श्रेष्ठ र बिष्णु माया श्रेष्ठ उत्कृष्ट निक्षेपमा महेन्द्र बजीमय र सुनिता मल्ल बजीमय, बुद्ध बहादुर उदास र सुमित्रा उदास त्यसै गरी उत्कृष्ट उप समिती मा बम बहादुर गुरूङ र मुना गुरूङ, शक्त बहादुर कुवर र सरस्वति कुवर त्यैसैगरी अग्रज सदस्यमा सुक बहादुर तामाङ र बिम माया तामाङ समेत का लाई दोसल्ला, टिका, मायाको चीनो, नगद र सम्मान पत्र द्वारा सम्मान गरिएको थियो ।

उक्त साधारण सभा कार्यक्रममा पोखरा महानगरपालिका वडा समिति कार्यालय वडा नं २३ का अध्यक्ष रामकाजी गुरूङ, जिल्ला बचत तथा ऋण सहकारी संधका कोषाध्यक्ष भोजराज धिमिरे, सहकारी संग आबध्ता शियर सदस्यहरूमा तमु सांस्कृति नेपालका अध्यक्ष श्रीजंग गुरूङ, नेपाल रेडक्रस सोसाइटी पोखरा १० का सभापति जीबन श्रेष्ठ, श्री रमा भगबती सिं गुठीका कार्यबाहक नायोः भरत कुमार तझ्या लगायतका बक्ताहरूले आ आफ्नो मन्तब्य राख्नु हुदै साधारण सभाको शुभकामना दिनुभयो । कार्यक्रममा सहकारीका सात सिद्धान्त बाचन सस्थाका सदस्य तिलु गुरूङले बाचन गर्नु भएको कार्यक्रममा सस्थाका उपाध्यक्ष शेरकाजी गुरूङले उपस्थित सबैलाइ स्वागत गर्नु भएको उक्त कार्यक्रमको संचालन सहकारीका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेल र प्रबन्धक जगन तिमिल्सिनाले संयुक्त रूपमा संचालन गरेका थिए ।

# बेनी-जोमसोम-कोरला सडकको अवरोध हटाइँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ असोज

यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछि क्षत् विक्षत बनेको चीन र भारत जोड्ने कालीगण्डकी करिडोर अन्तर्गत बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा भएको अवरोध हटाउन मर्मत कार्य तीव्र पारिएको छ ।

रसुवा र तातोपानी नाका बन्द भएका अवस्थामा चीनसँग व्यापारका लागि एकमात्र विकल्प बनेको कोरला नाका जोड्ने सडक मर्मत गरी जतिसक्दो छिटो यातायात सञ्चालनका लागि सरकारले उच्च प्राथमिकताका साथ काम अघि बढाएको हो । चीनसँगको व्यापारिक नाकाका अलावा मुस्ताङमा उत्पादन भएको स्याउ बजार पठाउने, दसैं तिहारका लागि भेडाच्याङ्ग्रा बजार झार्ने र पर्यटकीय याम सुरु भइसकेकाले मुस्ताङलाई सडक यातायात सञ्जालमा जोड्ने बेनी-जोमसोम सडक मर्मतका लागि दबाब परेको छ । दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकमा बाढी पहिरोले ५५ ठाउँमा क्षति पुर्‍याएको थियो । पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गादेखि म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ राहुपारे र मुस्ताङको कोरला नाकादेखि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ तातोपानी खण्डको सडक मर्मत भइसकेको जनाएको छ ।

म्याग्दीको राहुपारेदेखि पोखरेबगर खण्डको करिब १५ किलोमिटरमा सडक मर्मत हुन बाँकीछ।अन्नपूर्णगाउँपालिकाको केन्द्र पोखरेबगरदेखि रातोपानी, धिरच्याङ, महभीर, भीरकाटे, तिप्ल्याङ, बेगखोला, कुनौटा, सिरुवारी, बैसरी र राहुपारे क्षेत्रमा कालीगण्डकीले कटान गरेर पैदलयात्रा गर्न पनि कठिन बनाएको सडकको मर्मतका लागि पनि उपकरण परिचालन भएको आयोजना प्रमुख तेजस्वी शर्माले बताउनुभयो ।

"सबै तालमेल मिलेमा अबको एक हप्तादेखि १० दिनभित्र बेनी-जोमसोम-कोरला सडकमा चारपाङ्ग्रे सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित उपकरण र मजदुरहरु परिचालन गरेका छौँ", उहाँले भन्नुभयो, "अवरोध भएको सबै ठाउँमा सामानान्तर हिसाबले मर्मतको कामलाई तीव्रता दिएका छौँ ।" रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरमा राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह र स्वीचयार्ड परिसरमा कालीगण्डकीले कटान गरेको सडकको विकल्पमा मार्ग खुलाउन प्रयोगमा नरहेको ग्यान टि टावर हटाउन भएको ढिलाइले दुई दिन सडक मर्मतको काम प्रभावित बनेको योजना प्रमुख शर्माले बताउनुभयो ।

प्रमुख शर्माका अनुसार शनिबार तिल्केनीचौर छिचोलेर चमेरे हुँदै राहुपारेमा कालीगण्डकीले कटान गरेर भत्काएको सडक मर्मत थालिएको छ । तिल्केनीचौरमा अवरोध हटेपछि रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँटसँग जिल्ला सदरमुकाम बेनीको यातायात सम्पर्क स्थापित भएको छ ।

यसैगरी, सुरक्षाकर्मी र स्वयंसेवकले तिल्केनीचौरदेखि सिरुवारी हुँदै बेगखोलासम्म ग्यालिनमा बोकेर डिजेल ढुवानी गरेपछि बैसरी र सिरुवारीमा थन्किएका एस्काभेटर सञ्चालन भएका छन् । मुस्ताङबाट ल्याएको र जलविद्युत् आयोजनासँग मौजुदा इन्धन सापटी मागेर पोखरेबगरबाट बेनीतर्फ सडक मर्मतमा उपकरण परिचालन भएको छ ।

# पाठेघरको मुखको क्यान्सरविरुद्ध तनहुँका दुई हजार पाँच सय ४८ किशोरीलाई एचपिभी खोप

**पोखरापत्र संवाददाता**
दमौली, १८ असोज

जिल्लाका दुई हजार ५४८ किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध एचपिभी खोप लगाइएको छ।

प्रदेश जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लाका दश पालिकाका विद्यालयमा अध्ययनरत कक्षा ६ का दुई हजार पाँच सय ४२ र विद्यालयबाहिर रहेका दश वर्ष उमेरका छ किशोरीलाई खोप लगाइएको हो। जिल्लाका दशवटै स्थानीय तहका दुई सय ५४ विद्यालयमा खोपकेन्द्र तोकी अभियान



सञ्चालन गरिएको थियो।

व्यास नगरपालिकाका ७३५, शुक्लागण्डकी नगरपालिकाका ४६९, ऋषिङ गाउँपालिकाका ११२, बन्दीपुर गाउँपालिकाका १८६, भानु नगरपालिकाका २१६, भिमाद नगरपालिकाका २३८, आँबुखैरेनी गाउँपालिकाका दुई सय २६, घिरिङ गाउँपालिकाका ९२, देवघाट गाउँपालिकाका २२ ९ र म्याग्दे गाउँपालिकाका १४५ किशोरीले खोप लगाएका छन्।

# पर्वतमा बाढीपहिरोबाट तीन सयभन्दा बढी परिवार विस्थापित

**पोखरापत्र संवाददाता**
पर्वत, १८ असोज

ब ढ ी बाढीपहिरोबाट जिल्लाका ३०० परिवार विस्थापित भएका छन्। जिल्लाभर १७० घर पूर्ण रूपमा क्षति भएका छन् भने १३१ घरमा आंशिक क्षति भएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सात पालिकामध्ये छ पालिकाका विभिन्न बस्तीमा क्षति भएको हो। जिल्ला प्रशासन कार्यालयका अनुसार सबैभन्दा बढी जलजला गाउँपालिकामा ११३ घरमा धेरै क्षति भएको छ। त्यहाँका ५८ घर पहिरोको जोखिममा छन्। जलजलाका १७१ परिवार विस्थापित भएका छन्। कुश्मा नगरपालिकामा दुई, फलेवास नगरपालिकामा २०, बिहादी गाउँपालिकामा नौ, महाशिला गाउँपालिकामा दुई र मोदी गाउँपालिकामा १५ घर पूर्ण रूपमा क्षति भएका छन्। जिल्लाभर १३१ घर आंशिक



क्षति भएको प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले जानकारी दिनुभयो।

बाढीपहिरोले पाँच वटा विद्यालय भवन, कृषि फार्म, मन्दिर, स्वास्थ्य र प्रहरी चौकीमा क्षति भएको छ। पर्वत-बागलुङ जोड्ने झोलुङ्गे पुल मध्यपहाडी लोकमार्गको मालढुङ्गा पुलमा पनि क्षति भएको छ। जिल्लाका ग्रामीण सडक अझै अवरुद्ध छन्। कालीगण्डकी लोकमार्गअन्तर्गत फलेवास-बिहादी र लुङ्खुदेउराली-हुवास सडक सञ्चालन गर्न अझै केही दिन लाग्ने उहाँले जानकारी दिनुभयो।

बाढीपहिरोबाट विस्थापितलाई स्थानीय प्रशासन, स्थानीय निकाय तथा नेपाल रेडक्रस सोसाइटीलगायत विभिन्न सामाजिक सङ्घसंस्थाले त्रिपाल, खाद्यान्न, भाँडावर्तन, ओढ्ने-ओछ्याउने, सरसफाइ र स्वास्थ्य उपचार सामग्री प्रदान गरेका छन्।

# मालढुंगा मोटरेबल पुल मर्मत कार्य तीव्र

**पोखरापत्र संवाददाता**
पर्वत, १८ असोज

पुष्पलाल मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वत र बागलुङ जोड्ने कालीगण्डकी माथिको मालढुङ्गा मोटरेबल पुल मर्मत कार्य तीव्र गतिमा अघि बढेको छ।

यही असोज ८ गतेदेखि ११ गतेसम्म परेको भारी वर्षाका कारण कालीगण्डकीमा आएको बाढीले भत्काएको पुल २४सै घण्टा काम गरेर तीव्र गतिमा मर्मत गरिएको हो। पुलको पर्वततर्फको पहुँचमार्ग नदीले कटान गरेपछि भत्किएको थियो। पुल भत्किदा १० दिनदेखि दुई जिल्लाबीचको सम्पर्क विच्छेद बनेको छ भने मध्यपहाडी लोकमार्ग हँदै बागलुङ, रुकुम, रोल्पाको सम्पर्क सुत्रसमेत टुटेको छ।

सडक डिभिजन कार्यालय पोखराले दिउँसो र राति दुवै समयमा मजदुर परिचालन गरी पुल मर्मत कार्य गरिरहेको जनाएको छ। डिभिजन प्रमुख कृष्णराज अधिकारीले चाडवाडसमेत नजिकिँदै गएको तथा बागलुङमा खाद्यान्न, ग्यासलगायत उपभोग्यीय सामानको अभावसमेत देखिन थालेकाले २४सै घण्टा काम गरेर भए पनि छिटो पुल सञ्चालनमा ल्याउने तयारी गरिएको जानकारी दिनुभयो।

अहिलेसम्म नदीको सतहभन्दा करिब आठ मिटर तलसम्म गहिरिएको भाग पुरी प्लेटफर्म निर्माण गरिसकेको इञ्जिनियर अमन अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार पहूँच मार्ग निर्माणका लागि ठूलो परिमाणमा माटो, ढुङ्गा तथा गिटी आवश्यक पर्ने भए पनि आसपास पर्याप्त निर्माण सामग्रीको स्रोत नहुँदा काम प्रभावित भएको जानकारी दिनुभयो।

सुरुमा निर्माणस्थलबाट करिब दुई किलोमिटर अगाडिबाट निर्माण सामग्री ल्याउने गरिएकोमा त्यहाँबाट सामग्री ल्याउन रोकिएपछि करिब १० किलोमिटर टाढाको पहिरोबाट माटो तथा ढुङ्गा ल्याएर काम गर्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ। निर्माण सामग्रीको व्यवस्थापनमा आएको समस्याका कारण निर्धारित समयअनुसार काम अघि बढ्न नसकेको हो।

निर्माणस्थल साँघुरो हुनुका साथै अग्लो पर्खाल (वाल) निर्माण गर्नुपर्ने भएकाले प्राविधिक रूपमा काम चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो। कार्यालयले उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गर्दै काम अघि बढाइरहेको र निर्माण सामग्री तथा अन्य आवश्यक सहयोग सहज रूपमा उपलब्ध भएमा करिब सात दिनभित्र कालीगण्डकी पुल सञ्चालन गर्न सकिने अवस्थामा पुऱ्याउने लक्ष्य रहेको डिभिजन प्रमुख अधिकारीले बताउनुभयो। प्रतिनिधिसभा सदस्य सोम शर्मा, प्रधानमन्त्री बालेन्द्र शाहका निजि सचिव प्रदीप परियारसहित सडक विभागको टोलीले शनिबार स्थलगत निरीक्षण गरी २४सै घण्टा काम गरेर भएपनि यथासिघ्र पुल संचालनमा ल्याउन निर्देशन दिएको छ। पुल मर्मतका लागि चाहिने आवश्यक सामाग्री सहज रुपमा उपलब्ध गराउने वातावरण मिलाउने जिल्ला प्रशासन कार्यालय पर्वत, बागलुङ तथा बागलुङ नगरपालिकालाई आवश्यक समन्वय गर्नसमेत भनिएको प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले जानकारी दिनुभयो।

दश दिनदेखि मध्यपहाडी लोकमार्ग अवरुद्ध हुँदा बागलुङबाट बाहिरिने साना तथा ठूला सवारीसाधन अलपत्र बनेका छन्। यात्रुहरु भने अग्लो र लामा पुलबाट पर्वततर्फ आइ गन्तव्यमा पुग्नुपर्ने बाध्यता रहेको छ। बागलुङ बजारमा खाद्यान्नलगायत अत्यावश्यक सामग्रीको अभाव खड्किँदै गएको छ। भारी वर्षाका कारण अवरुद्ध बनेको म्याग्दीको बेनी र मुस्ताङ जोड्ने मालढुङ्गा-बेनी सडक शुक्रबारदेखि एकतर्फी सञ्चालनमा आएको छ। पर्वतको दुई मुख्य सडकसमेत १० दिनदेखि अवरुद्ध रहेका छन्।

कालीगण्डकी लोकमार्गको पर्वत खण्ड र लुंखदेउराली-हुवास सडक अझै सञ्चालनमा आउन नसकेका हुन्। यी दुई सडक अवरुद्ध हुँदा दक्षिण पर्वतको बिहादी र पैंयू गाउँपालिकका बासिन्दा सदरमुकाम कुश्मा आउजाउ ठप्प भएको छ। यात्रु स्याङ्जा, पोखरा हुँदै कुश्माबजार आउनुजान बाध्य भएका छन्। सडक मर्मतका लागि पहल भइरहेको र पहिले वैकल्पिक सडक खुलाउने तयारी भएको प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले जानकारी दिनुभयो।

# विपद्पछिको पुनर्निर्माणमा जुटेको म्याग्दी

**सन्तोष गौतम**
म्याग्दी, १८ असोज/रासस

बाढीले बगाएको सडक, पहिरोले भत्किएका, पुरिएका, बस्नै नमिल्ने भएका घर, ढलेका विद्युत्का पोल, लत्रिएका तार र बाढीले थुपारेको गेगर। कतै विस्थापित परिवारको पीडा त कतै उजाडिएका बस्ती। यही असोज ८ देखि ११ गतेसम्मको निरन्तर वर्षापछिको म्याग्दीको दृश्य केही दिनअघिसम्म यस्तै थियो।

तर अहिले जिल्लाको दृश्य विस्तारै फेरिँदै गएको छ। विपद्ले थलिएको जनजीवनलाई सामान्य अवस्थामा फर्काउन सरकारी निकायसँगै स्थानीय बासिन्दा, युवा, सामाजिक संस्था, राजनीतिक दल र व्यवसायीहरू आ-आफ्नो ठाउँबाट जुटेका छन्। कोही सडक खुलाउन श्रम गरिरहेका छन्, कोही विद्युत्का पोल गाडिरहेका छन्। कसैले बजारका घरमा थुप्रिएको हिलो पन्छाइरहेका छन् भने कसैले बाढीले क्षति पुऱ्याएको तातोपानी कुण्ड सफा गरिरहेका छन्। विपद् पछिको पुनर्निर्माण र पुनर्स्थापनामा म्याग्दीमा देखिएको जनसहभागिता अहिले जिल्लाको पुनःउत्थानको मुख्य आधार बनेको छ।

सडक खुलाउन काँधमा इन्धन

चीन र भारत जोड्ने कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम-कोरला सडक बाढी तथा पहिरोका कारण ठाउँठाउँमा क्षतिग्रस्त भयो। सडक मर्मतका लागि आवश्यक उपकरण पुगे पनि इन्धन अभाव चुनौती बन्यो। समस्या समाधानका लागि शनिबार ४५ सुरक्षाकर्मी, राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक सङ्घसंस्थाका स्वयंसेवकको टोलीले राहुघाट खोलादेखि बैसरीसम्म ७२० लिटर डिजेल बोकेर पुऱ्यायो। अन्नपूर्ण गाउँपालिकामा निर्माणाधीन १८० मेगावाट क्षमताको कालीगण्डकी 'गर्ज' जलविद्युत् आयोजनाले सडक मर्मतका लागि दुई हजार ५०० लिटर डिजेल सापटी दिएको छ। "सडक सञ्चालनका लागि इन्धन अभाव भएपछि सुरक्षाकर्मी र स्वयंसेवक परिचालन गर्नुका साथै जलविद्युत् आयोजनासँग सापटी मागेका हौँ", बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले भन्नुभयो। यसअघि बेनीका युवा प्रकाश पौडेलको नेतृत्वमा युवाहरुले राहुपारे-कुनौटा खण्डमा श्रमदान गरेर पैदलयात्राका लागि भऱ्याङ राख्ने र डोरी तान्ने काम गरेका थिए।

पोल गाड्दै र तार तान्दै युवा

बाढीपहिरोले पोल ढालेपछि म्याग्दी जिल्लाभर अवरुद्ध बनेको विद्युत् सुविधा अझै सञ्चालन हुनसकेको छैन। सदरमुकाम बेनी बाहिरका बस्तीमा युवा क्लबका पदाधिकारी तथा सदस्य र युवाहरू विद्युत् लाइन मर्मतमा जुटेका छन्। स्थानीयले ढलेका पोल गाड्ने र लत्रिएका तार तान्ने काममा सहयोग गरेपछि शनिबार बरंजा र ताकममा एक सातापछि केन्द्रीय प्रसारण लाइनको विद्युत् आपूर्ति सञ्चालन भएको छ।

"समुदायले श्रमदान गरेर सहयोग गरेकाले विद्युत् आपूर्ति सञ्चालनलाई तीव्रता दिन सहज भएको छ", नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले भन्नुभयो।

बजारको पहिरो पन्छाउँदै

बेनी नगरपालिका-८ न्युरोडमा बुधबार खसेको पहिरोले १५ घरमा क्षति पुऱ्यायो। तीमध्ये १० घरमा बस्नै नमिल्ने गरी हिलो थुप्रियो। न्युरोड र गणेशटोल क्षेत्रका करिब एक सय घर जोखिममा परे। घर छाडेर सुरक्षित स्थानमा पुगेका स्थानीयका लागि आफ्नै टोल सफा गर्नु बाध्यतामात्र होइन, सामूहिक जिम्मेवारी पनि बन्यो। शनिबारदेखि स्थानीय बासिन्दा, जनप्रतिनिधि, राजनीतिकर्मी, युवा क्लब, आमा समूह, टोल विकास संस्था, लायन्स क्लब र बजारवासी श्रमदानमा जुटेका छन्।

आइतबार पनि श्रमदानमार्फत बाँस र काठ हटाए पनि ब्याकुहोलोडर र ट्र्याक्टर परिचालन गरेर पहिरो पन्छाउने तथा पानीको सुरक्षित निकास व्यवस्थापन गर्ने तयारी गरिएको छ। "पहिला बाँस र काठ हटाउन बजारवासीले श्रमदान गरका छन्। त्यसपछि मेसिन परिचालन गरेर पहिरो पन्छाउने काम हुन्छ", बेनी नगरपालिका-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले भन्नुभयो।

तातोपानी कुण्डमा दसैँअघि नै पानी भर्ने चाहना

बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक उपचारस्थल सिङ्गा तातोपानी कुण्ड पनि बाढीको चपेटामा पऱ्यो। म्याग्दी नदीको बाढी कुण्डभित्र पसेपछि गेगर, माटो र बालुवा थुप्रियो। कुण्डलाई दसैँअघि नै सञ्चालनमा ल्याउने उद्देश्यले स्थानीयले बुधबारदेखि सरसफाइ अभियान सुरु गरेका छन्। सिङ्गाका विभिन्न टोलले आलोपालो गरेर श्रमदान गरिरहेका छन्। शनिबारमात्रै साविक सिङ्गा गाविस-७ का ३४ जना, तल्लो सिङ्गाका २८ जना, सुर्केमेला-बास्कुना-थामडाँडाका ६४ जना, छाप युवा क्लबका छ जना र तातोपानी युवा क्लबका ३५ जना सरसफाइमा सहभागी भए। कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीका अनुसार स्थानीयको निरन्तर श्रमदानले बाढीले थुपारेको गेगर हटाउने काम अघि बढेको छ।

दुःखमा साथ, पुनर्निर्माणमा हात

विपद्पछि म्याग्दीमा स्थानीयस्तरको मात्र होइन, बाहिर रहेका म्याग्देली र गैरआवासीय नेपालीको सहयोग पनि जुटेको छ। प्रवासी म्याग्देलीहरूको संस्था प्रवासी नेपाली म्याग्देली सङ्घ (मोना)ले रु १५ लाख तथा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले रु ११ लाखबराबरको राहत सामग्री सहयोग गरेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ। प्रमुख जिल्ला अधिकारी गणेश गैरेका अनुसार उद्धार र राहतसँगै सडक, सञ्चार तथा विद्युत् सेवा सञ्चालनमा जनप्रतिनिधि, सामाजिक सङ्घसंस्था र समुदायको सक्रियताले विपद्को कठिन अवस्थालाई छिटो पार गर्न सहयोग पुगेको छ।

"सडक सञ्चालनदेखि विद्युत्का पोल गाड्ने, तार तान्ने, तातोपानी कुण्ड र बजारका घरमा थुप्रिएको हिलो पन्छाउने तथा गाउँका पदमार्ग मर्मत गर्न समुदायले श्रमदान गरिरहेको छ", उहाँले भन्नुभयो, "जनसहभागिता र जनपरिचालनले असहज बनेको म्याग्दीको जनजीवन विस्तारै लयमा फर्कन थालेको छ।"

क्षतिको अवस्था

पहिरोमा परि अन्नपूर्णमा पाँच र मालिका गाउँपालिकामा दुई जनाको मृत्यु भएको छ। बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकामा एक-एक जना बेपत्ता भएका छन्। बाढीपहिरोबाट म्याग्दीमा हालसम्म १११ घर पूर्ण र ९३ घरमा आंशिक क्षति पुगेको छ। तीन सय ४२ घर जोखिममा रहेको सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताउनुभयो। ग्रामीण क्षेत्रमा सञ्चार र विद्युत् सेवा सञ्चालन हुन थालेपछि क्षतिको विवरण सङ्कलन भइरहेको छ। त्यसैले क्षतिको तथ्याङ्ब अझै बढ्न सक्ने प्रशासनको भनाइ छ। जलविद्युत् आयोजना, प्रसारण लाइन, नदी नियन्त्रण, खानेपानी, सडक पूर्वाधार, विद्यालय भवन, कृषि, पशुपन्छी क्षेत्रमा भएको क्षतिको विवरण पनि सङ्कलनकै क्रममा छन्। अन्नपूर्ण गाउँपालिका-५ पाउद्धार, गिवाङ, घिरवाङ र किन्दुकाका ११५ जनालाई हेलिकप्टरबाट उद्धार गरी शिख र घारमा राखिएको छ। अन्नपूर्ण-८ महभिरको बस्तीको पाखो चिराचिरा परेपछि त्यहाँका बासिन्दालाई पनि सुरक्षित स्थानमा सारिएको छ। गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीका शब्दमा, विपद्ले दुःख दिए पनि सङ्कटमा एकजुट हुने र दुःखमा साथ दिने म्याग्दीको पुरानै अभ्यास हो। "एकता, सहयोग र श्रमको भावनाले म्याग्दीको जनजीवनलाई सामान्य अवस्थामा फर्काउन ठूलो भूमिका खेलेको छ", उहाँले भन्नुभयो, "सङ्कटमा एकजुट हुने, दुःखमा साथ दिने र हातेमालो गर्दै पुनर्निर्माणमा जुट्ने म्याग्दीको पुरानै असल अभ्यास हो।"

विपद्को पानी घटिसकेको छ, तर क्षतिको घाउ अझै बाँकी छ। ती घाउ पुर्न समय लाग्नेछ। अहिले भने म्याग्दीले एउटा सन्देश दिइरहेको छ- विपद्ले भत्काएको संरचना मेसिनले बनाउला, तर त्यसमा जीवनको रङ भर्न समुदायको हात चाहिन्छ।

फर्सेका बाढी प्रभावितलाई पाँच लाख सहयोग

यसैबीच म्याग्दी सदरुमकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-८ फर्सेका बाढी प्रभावितका लागि पोखरा महानगरपालिका-१९ लामाचौरमा रहेको अनुग्रह सत्सङ्ग नेपालले रु पाँच लाख २७ हजार सहयोग गरेको छ। जलजला गाउँपालिका-७ खनियाघाटकी गौमती थापाको पहलमा पोखरेली सत्सङ्गद्वारा सहयोग गरिएको हो। संस्थाका अध्यक्ष देवी गुरुङ, उपाध्यक्ष ज्ञानु लामा र कोषाध्यक्ष सञ्जय लामाको टोलीले शनिबार फर्सेमा आएर जलजला गाउँपालिका-८ का वडाध्यक्ष हरिविकास जिसीलाई सहयोग रकम हस्तान्तरण गर्नुभएको हो।

प्राप्त भएको सहयोग रकम फर्सेका बाढी प्रभावितको पुर्स्थापनामा परिचालन गरिने वडाध्यक्ष जिसीले बताउनुभयो। यही असोज ८ देखि ११ गतेसम्म परेको निरन्तरको वर्षापछि कालीगण्डकीमा आएको बाढीले फर्सेका करिब एक सय परिवारलाई प्रभावित बनाएको छ।

जलजला गाउँपालिकाका अनुसार ७५ घर बगेर पूर्ण रूपमा क्षति भएका छन्, २७ घर जोखिममा छन्। बाढीबाट विस्थापित ७५ परिवारका १२९ महिला, १४४ पुरुष र पाँच वर्षमुनिका आठ बालबालिका प्रभावित भएका छन्। घरबारविहीन परिवारमध्ये अन्यत्र घर नभएका र आफन्तकहाँ आश्रय लिन नसक्नेलाई सुरक्षा निकायको सहयोगमा अस्थायी शिविरमा राखिएको छ। फर्सेको पुरानो बस्ती बगरमा परिणत भएर उजाडिएको छ।

# त्रिवेणी इन्टरनेशनल कलेज विद्यार्थी कल्याणकारी समितिको अध्यक्षमा स्वच्छन्द आत्रेय

**पोखरापत्र संवाददाता**
पर्वत, १८ असोज

पोखरा २७ तालचोकमा अवस्थित त्रिवेणी इन्टरनेशनल कलेज विद्यार्थी कल्याणकारी समितिकोको नवौं अधिवेशन तथा दशौं वार्षिक साधारण सभा शनिवार सम्पन्न भएको छ। अधिवेशनले स्वच्छन्द आत्रेयको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ।

समितिको बरिष्ठ उपाध्यक्षमा चन्दा भुजेल, उपाध्यक्ष प्रताप वि क, सचिवमा सागर तिवारी, कोषाध्यक्षमा सुजाता कार्की,सह सचिवमा भावुक पौडेल चयन भएका छन्। यसै गरी सदस्यहरुमा अनिल लामा,रचित पन्त,सञ्जु लामिछाने, अमिशा तिवारी,संघर्ष भण्डारी,अञ्जन तिवारी,सम्झना क्षेत्री ,रोशनी भट्टराई,मन्दिप न्यौपाने,रबिन क्षेत्री,मनिष रानाभाट रहेका छन्। समितिमा अमिशा तिवारी संयोजक रहेको शिक्षा उपसमिति अर्पना वाग्ले संयोजक रहेको साहित्यिक उपसमिति गठन भएको छ भने ५ सदस्यीय खेलकुद उपसमिति,४ सदस्यीय सांस्कृतिक उपसमिति समेत गठन गरिएको छ।

कार्यक्रमका प्रमुख आमन्त्रित व्यक्तित्व कलेज सञ्चालक समितिका अध्यक्ष सुमन भट्टराईले विद्यार्थीको नेतृत्व विकास, अनुशासन र सिर्जनात्मक सहभागिताले नै कलेजको शैक्षिक वातावरणलाई थप प्रभावकारी बनाउने बताए। कलेजका सल्लाहकार एवम् पूर्व अध्यक्ष बाबुराम गिरीले विद्यार्थी कल्याणसँगै व्यक्तित्व विकासमा समितिको भूमिका महत्वपूर्ण रहेको धारणा राखे। कलेज सञ्चालक एवम् नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य छत्रधर आत्रेयले विद्यार्थीलाई अध्ययनसँगै व्यावहारिक ज्ञान र नेतृत्व क्षमताको विकासमा जोड दिन आग्रह गरे।

कलेजका प्रमुख डिल्लीराम पौडेलले विद्यार्थी कल्याणकारी समितिका कलेज र विद्यार्थी बीचको महत्वपूर्ण सेतु भएको उल्लेख गर्दै नयाँ नेतृत्वले विद्यार्थीका शैक्षिक, सिर्जनात्मक तथा सामाजिक गतिविधिलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरे। समितिका संस्थापक अध्यक्ष कमल गौतमले संस्थाको विगतको यात्रा स्मरण गर्दै विद्यार्थीको सक्रियता र नेतृत्व विकासलाई निरन्तरता दिनुपर्ने बताए। कार्यक्रममा बीबीएस चौथो वर्षमा उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यार्थीहरूलाई सम्मान गरिएको थियो। ८१ दशमलव २० प्रतिशत अंकसहित उत्कृष्ट नतिजा हासिल गर्ने कविता भट्टराई लगायतका मेधावी विद्यार्थीलाई कलेजले सम्मान गरेको थियो।

निर्वाचन कार्यक्रम एकेडेमिक कोअर्डिनेटर शिवचन्द्र घिमिरेको संयोजकत्वमा उपप्राध्यापक सत्यराज कँडेल र उपप्राध्यापक किशोर सुवेदी सदस्य रहेको तीन सदस्यीय निर्वाचन मण्डलले सम्पन्न गरेको थियो।

सहायक क्याम्पस प्रमुख सुनिलदत्त बरालले सहजीकरण गरेको कार्यक्रमको सञ्चालन सागर तिवारीले गरेका थिए। समितिका अध्यक्ष विवेक केसीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।